जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ७** **संख्या ४** **मिति २०८०/०२/२४**

पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको नीति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग २

## मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।०४।२२

१. **पृष्ठभूमि:** नेपालको संविधानले स्वास्थ्य सम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पहुँच हुने हकको व्यवस्था गरेको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा ४ (ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को परिच्छेद ७ मा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वास्थ्य, पुनर्स्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जनको व्यवस्था गरिएको छ । उक्त ऐनको दफा ३५ र ३६ ले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा सुविधाको समेत सुनिश्चितता गरेको छ ।

सयुंक्त राष्ट्र संघको दिगो विकास लक्ष्य (२०१६–२०३०) मा पनि मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्ने, नसर्ने रोगवाट हुने मृत्यु एक तिहाईले कम गर्ने र लागु पदार्थ दुर्व्यसनीको रोकथाम, उपचार र पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ । नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय महासन्धिहरु जस्तै अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी, यातना पिडितहरुको अधिकार सम्बन्धी महासन्धि, बालअधिकार सम्बन्धी महासन्धि लगायतमा उल्लेख भए बमोजिम मानसिक स्वास्थ्यको प्रवर्द्धन, रोकथाम, उपचार र पुनर्स्थापनाको अधिकारको सुनिश्चितता गर्नु राज्यको दायित्व बनेको छ । नेपाल सरकारको १५ औ पञ्च वर्षे योजना (२०७६–२०८१) मा पनि मानसिक स्वास्थ्य सेवाको पहुँच सबै तहमा विस्तार गर्दै लैजाने योजना समाबेश गरिएको छ ।

पालुङटार नगरवासीको समग्र मानसिक स्वास्थ्यको अवस्थामा सुधार ल्याउन सहयोग पुऱ्याउने उद्देश्यका साथ राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति २०७७ मा आधारित भइ पालुङटार नगर कार्यपालिकाले मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति तयार गरेको छ ।

२. **वर्तमान स्थिति** : नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका जनसंख्या २८०४५ जना रहेका देखिन्छ जस मध्ये शहरी क्षेत्रमा १७९५५ जना र ग्रामीण क्षेत्रमा १००९० जना रहेका पाइन्छ । सोहि जनगणनाको प्रदेशगत तथ्याङ्क हेर्ने हो भने गण्डकी प्रदेशमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको जनसंख्या ३८४४ जना रहेका छन् भने गोरखा जिल्लामा ३५३ जना रहेका पाइन्छ ।

पालुङटार नगरपालिकामा आर्थिक वर्ष २०७९/०८० मा आत्महत्या गर्नेको संख्या १२ जना रहेको पाइन्छ । अस्पतालमा उपचारमा आएकाको तथ्याङ्क, विभिन्न संघ संस्थाका मनोसामाजिक परामर्शको तथ्याङ्क केलाउँदा यस नगरपालिकामा चिन्ताजन्य तथा डिप्रेशनका समस्या बढी देखिएको छ । तर किशोर किशोरीहरुमा रुपान्तरीत विकार (Conversion Disorder) तथा विछोड सम्बन्धी विकारका केशहरु बढी देखीएका छन । केही सँख्यामा कडा खालको मानसिक स्वास्थ्य समस्या भएर उपचारका लागि आउने गरेको देखिन्छ । विगतको द्वन्द्धमा भोग्नुपरेको आघातले गर्दा उत्पन्न पोष्ट ट्रमाटिक स्ट्रेस् डिस्अडर (पि.टि.एस.डि.) को समस्या, मादक पदार्थ दुर्व्यसनीको समस्याहरु समेत धेरै नै देखिएका छन् ।

त्यसै गरी सामुदायिक स्तरका महिला स्वयंसेविका, शिक्षक र समुदायका सदस्यहरूसँगको अन्तरक्रियाबाट प्राप्त जानकारीका आधारमा यस नगरपालिकामा मानसिक स्वास्थ्य समस्याबारे चेतनाको कमी रहेकोले सबै प्रकारका मानसिक समस्यालाई गम्भीर मानिएको छ । मानसिक स्वास्थ्य समस्याहरू हुँदा परिवार र समाजबाट अलगिगएर बस्नु पर्ने डरले समस्याबारे छलफल गर्न डराएको अवस्था रहेको पाइन्छ । हामीले समाजमा मानसिक स्वास्थ्य सम्बन्धी थुप्रै भ्रम, अन्धविश्वास र गलत धारणा रहेको पाएका छौं । मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुले लाञ्छना, विभेद, बहिस्करण र सामाजिक मिथ्या कथनको सामना गर्न परिरहेको अवस्था छ । मानसिक समस्या निको हुदैन, यो जिन्दगीभर रहिरहन्छ, यस्तो समस्या भएका व्यक्ति आक्रामक हुन्छन् र कुनै किसिमको निर्णय लिन सक्दैनन् भन्ने अन्धविश्वास यथावत नै रहेको छ ।

दश वर्षे लामो द्वन्द्ध तथा न्याय नपाएर आघातपूर्ण जीवन व्यातित गर्नु पर्ने अवस्था, राजनैतिक र सामाजिक अस्थिरता, बेरोजगारी, रोजगारीको लागि विदेश पलायन हुनुपर्ने बाध्यता, मानव बेचबिखन, कुल जनसंख्यामा जेष्ठ नागरिकको दोब्बर अनुपात, गरिबी, अव्यवस्थित शहरीकरण, घरेलु तथा लैंगिक हिंसा, कोभिड महामारी, सामाजिक विभेदले सृजना गरेको डर त्रास, प्राकृतिक विपत्तिको कारण धनजनको क्षतिले निम्त्याएको पिडा आदि जस्ता कारणले नेपालमा मानसिक स्वास्थ्य समस्या बढ्दै गएको अनुमान गरिएको छ ।

मानसिक तथा मनोसामाजिक समस्यावाट बालबालिका, किशोर किशोरी, प्रजनन उमेर समुहका महिला तथा गृहणी महिलाहरु लगायत जेष्ठ नागरिकहरु, पछाडी पारिएको वर्ग तथा सिमान्तकृत व्यक्ति तथा समुदाय बढी जोखिममा रहेको हुनाले त्यस्ता व्यक्ति तथा समुदायलाई केन्द्र विन्दुमा राखी प्रवर्द्धनात्मक, प्रतिकारात्मक/निरोधात्मक कार्यक्रम सञ्चालन गर्नु र समस्या भएका व्यक्तिहरुलाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा उपलब्ध गराउन उपयुक्त नीति सहितको कार्ययोजना बनाई कार्यान्वयन गर्नु परेको छ ।

३. **समस्या तथा चुनौतीहरु :** नेपालमा गुणस्तरीय मानसिक स्वास्थ्य सेवा प्रवाह गर्नका निमित्त नीतिगत तथा कानुनी व्यवस्था गरिनुका साथै निर्देशिकाहरुले निर्देश गरे तापनि यसको संघीय व्यवस्था अनुसार व्यवस्थापन एवं प्रभावकारी कार्यान्वयनमा केही समस्या र चुनौतीहरु रहेका छन् । यी मध्ये केही प्रमुख समस्या र चुनौती निम्नानुसार छन् :

- मानसिक स्वास्थ्य समस्याको रोगभारको अनुपातमा सञ्चालित कार्यक्रमहरुको बजेट विनियोजन ज्यादै न्यून भएकोले जोखिम समूहका व्यक्ति तथा समुदायलाई पूर्णरुपमा समेट्न सकेको छैन । नगरपालिकामा यसका लागी पर्याप्त बजेट तथा कार्यक्रम नभएको अवस्था छ ।

- मानसिक स्वास्थ्यको क्षेत्रमा रहेको दक्ष जनशक्तिको अभावलाई आवश्यकता अनुसार पूरा गरी समुदायस्तर (नगर अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य केन्द्र) सम्म सेवाको पहुँच स्थापित गर्न सकिएको छैन ।

- मानसिक स्वास्थ्यको क्षेत्रमा रहेको अन्धविश्वास, भ्रम र गलत धारणामा परिवर्तन ल्याई मानसिक स्वास्थ्यको प्रवर्द्धन, रोकथाम, उपचार तथा पुनर्स्थापना कार्यक्रम विकास गरी लागु गर्न सकिएको छैन ।

- मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र परिवारका सदस्य प्रतिको व्यापक लाञ्छना (stigma), अवहेलना, भेदभाव (discrimination) र मानव अधिकारको हननलाई रोक्न र कम गर्न कार्यक्रम लागू गर्न सकिएको छैन ।

- प्रजनन उमेरका महिलाहरुमा मृत्युको पहिलो र युवाहरुमा मृत्युको दोस्रो कारण बनेको आत्महत्या बर्षेनी बढ्दै गएको देखिए तापनि यसलाई उपयुक्त कार्यक्रम बनाई सम्बोधन गर्न सकिएको छैन ।

- वैदेशिक रोजगारमा रहेका व्यक्तिहरु तथा लैंगिक हिंसाबाट प्रभावित व्यक्तिमा व्यापक रुपमा रहेको मानसिक स्वास्थ्य समस्या र आत्महत्याको अवस्थालाई सम्बोधन गर्न सकिएको छैन ।

- बालबालिका तथा किशोर किशोरीको शिक्षा, व्यक्तित्व निर्माण र जीवनको लक्ष्य छनौटमा प्रत्यक्ष प्रभाव पार्ने मानसिक स्वास्थ्यलाई महत्व र प्राथमिकता दिन सकिएको छैन । उनीहरुमा हुनसक्ने भावनात्मक, व्यवहारीक र सिकाई जन्य समस्यालाई समयमा नै पहिचान गरेर उपयुक्त सम्बोधन गर्न सकिएको छैन ।

- बालबालिका, किशोर किशोरी, प्रजनन उमेर समुहका महिला तथा गृहणी महिला लगायत जेष्ठ नागरिक, द्वन्द्व प्रभावित व्यक्ति, लैङ्गिक एवं घरेलु हिंसा पीडित व्यक्ति, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत व्यक्ति तथा समुदाय, प्राकृतिक विपदका कारण धनजनको क्षति भोगेका व्यक्तिहरु मानसिक स्वास्थ्य समस्याको बढी जोखिममा भए तापनि त्यस्ता व्यक्ति तथा समुदायलाई लक्षित गरी कार्यक्रम तथा सेवा सञ्चालन गर्न सकिएको छैन ।

- मदिरा र लागु पदार्थको दुर्व्यसनीलाई मानसिक स्वास्थ्यको कोणबाट बुझाउन सकिएको छैन । यसको रोकथामका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी व्यापक रुपमा लागू गर्न सकिएको छैन । विशेष गरी किशोर किशोरीहरुमा मादक पदार्थ तथा लागुपदार्थको दुरुपयोगको बढ्दो जोखिमलाई सम्बोधन गर्ने खालका मानसिक स्वास्थ्यमा सचेतना बढाउने तथा समयमा मनोपरामर्श सेवा दिएर यस्तो जोखिमबाट बाहिर ल्याउने खालका कार्यक्रमहरु सञ्चालन गर्न सकिएको छैन ।

- नगरपालिकामा संलग्न मनोपरामर्शकर्ताहरुको सेवाको गुणस्तर तथा नियमन गर्न आवश्यक संयन्त्रको व्यवस्था गर्न सकिएको छैन । साथै यस्तो सेवा अत्यन्त आवश्यक हुँदाहुँदै पनि आवश्यक पद सिर्जना गरी सेवा विकास गर्न सकेको छैन ।

४. **नीतिको आवश्यकता, निर्देशक सिद्धान्त :** मानसिक स्वास्थ्यका सम्बन्धमा माथि उल्लेखित समस्या र सवालहरुलाई सम्बोधन गर्ने गरी नीति तथा कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

राष्ट्रिय मानसिक स्वास्थ्य रणनीतिमा आधारित भएर नगरपालिकाका लागि निम्न सिद्धान्तमा आधारित नीतिहरु तयार गरिएका छन् ।

- गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पँहुच सुनिश्चित गर्ने ।
- मानसिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गर्ने ।
- सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रको सहभागीता, सहकार्य र साझेदारी कायम राख्ने ।
- अधिकारमा आधारित सहभागितामूलक, समावेशी, तथ्यपरक र परिपूर्ण मानसिक स्वास्थ्य सेवा प्रवाह गर्ने ।
- स्थानीय स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिएका मानसिक तथा मनोसामाजिक स्वास्थ्य सेवाको रिपोर्टीङ तथा अभिलेख व्यावस्थापन गर्ने । नेपाल सरकारको स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्ने ।
- यस नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन मुल्याङ्कनका लागि नगरपालिकामा भरपर्दो संयन्त्रको विकास गर्ने ।

**५. भावी सोचः** पालुङटार नगरपालीकामा बसोवास गर्ने नागरिकहरुको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्यमा सुधार गरी उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम बनाउने ।

**६. ध्येयः** उपलब्ध साधन श्रोतको अधिकतम प्रयोग गरी सेवा प्रदायक, सेवाग्राही र अन्य सरोकारवालाहरु बीच निरन्तर समन्वय तथा सहकार्य गरी गुणस्तरीय मानसिक स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने ।

**७. लक्ष्यः** नागरिकको मौलिक हकको रुपमा संविधान प्रदत्त स्वास्थ्य सेवा अन्तर्गत मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पँहुच सुनिश्चित गर्न न्याय संगत एवं जवाफदेही ढंगले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्राथमिक स्वास्थ्य सेवा प्रणालीमा एकिकृत गरी समय सापेक्ष विशिष्टिकृत मानसिक स्वास्थ्य सेवालाई व्यवस्थित गरी उपलब्ध गराउने ।

**८. उद्देश्यः** यस नीतिको उद्देश्य देहाय बमोजिम रहेका छन् :-

१. नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य अर्न्तगत मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवालाई समावेश गरी अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा स्वास्थ्य सेवा उपलब्ध गराउने ।

२. मानसिक स्वास्थ्य समस्याको उपचारका लागि आवश्यक औषधी, उपचारको व्यवस्थापन निरन्तर र प्रभावकारी रुपमा गर्ने ।

३. मानसिक स्वास्थ्य समस्याको प्रभावकारी रोकथाम तथा मनोसामाजिक सुस्वास्थ्यको प्रबर्द्धन गर्नका लागि आवश्यक क्रियाकलापहरु लागु गर्ने ।

४. मानसिक रोग उपचारमा आवश्यक विशिष्टकृत/विशेषज्ञको सेवा नगरपालिकाको अस्पताल र तोकिएको स्वास्थ्य संस्था मार्फत मानसिक रोगको औषधी निशुल्क रुपमा उपलब्ध गराउने ।

५. मानसिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सरकारी, गैरसरकारी तथा निजी क्षेत्र बीच समन्वय र सहकार्य गर्ने ।

९. **नीति :** मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीतिले लिएका उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका नीति अख्तियार गरिनेछ :-

१. मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पँहुच सुनिश्चित गर्ने ।

२. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा प्रवाहका लागि आवश्यक साधन, श्रोत, जनशक्ति तथा संरचना व्यवस्थापन गर्ने ।

३. मानसिक स्वास्थ्य प्रवर्द्धन गर्न तथा मानसिक रोगका बारेमा विद्यमान अन्धविश्वास, भ्रम र मिथ्य कथन हटाउन जनचेतना अभिवृद्धि गर्ने ।

४. मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको आधारभूत मानव अधिकारको संरक्षण गर्ने ।

१०. **कार्यनीति :** प्रस्तुत नीति कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यनीतिहरु अबलम्बन गरिनेछ :-

**१. मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पँहुच सुनिश्चित गर्ने ।**

१.१ आधारभूत मानसिक स्वास्थ्य सेवा समुदायस्तरमा उपलब्ध गराइनेछ ।

१.२ विशेषज्ञ/विशिष्टिकृत मानसिक स्वास्थ्य सेवा अस्पतालहरुमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

१.३ लक्षित वर्ग, जोखिममा परेको समुह तथा समुदायमा मानसिक कार्यक्रम सञ्चालन गरिनेछ ।

**२. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा प्रवाहका लागि आवश्यक साधन, श्रोत, जनशक्ति तथा संरचना व्यवस्थापन गर्ने ।**

२.१ गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्नका लागि आवश्यक पर्ने संयन्त्र, साधन, श्रोत तथा जनशक्तिको व्यवस्थापन गरिनेछ ।

**३. मानसिक स्वास्थ्य प्रवर्द्धन गर्न तथा मानसिक रोगका बारेमा विद्यमान अन्धविश्वास, भ्रम र मिथ्य कथन हटाउन जनचेतना अभिवृद्धि गर्ने ।**

३.१ मानसिक रोग सम्बन्धी अन्धविस्वास हटाउन, मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्न र रोगको रोकथामका लागि समुदायमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३.२ मानसिक स्वास्थ्य स्वावलम्बन/स्वहेरचाह समूह गठन गरी त्यस्ता समूहको क्षमता अभिवृद्धि गरिनेछ ।

३.३ मानसिक स्वास्थ्यको प्रवर्द्धन र मानसिक रोग लागेको व्यक्तिको वैज्ञानिक उपचारमा प्रेरणा बढाउन परम्परागत उपचारलाई व्यवस्थित गर्दै उपचार प्रदायकलाई अभिमुखीकरण साथै सहकार्य गरिनेछ ।

३.४ मानसिक स्वास्थ्यको प्रवर्द्धन र मानसिक रोग लागेको व्यक्तिको वैज्ञानिक उपचारमा प्रेरणा बढाउन परम्परागत उपचारलाई व्यवस्थित गर्दै उपचार प्रदायकलाई अभिमुखीकरण साथै सहकार्य गरिनेछ ।

३.५ मानसिक स्वास्थ्य र मानसिक रोगका सान्दर्भिक विषयमा केन्द्रित रही पत्रकार, कानुन व्यवसायी तथा सुरक्षाकर्मीलाई अभिमुखीकरण गरिनेछ ।

**४. मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको आधारभूत मानव अधिकारको संरक्षण गर्ने ।**

४.१ मानसिक रोगका विषयलाई लिएर प्रचलित ऐन कानूनमा भएका विभेदकारी व्यवस्थालाई हटाउन र अधिकार सुनिश्चित गरिएका व्यवस्थालाई प्रभावकारी कार्यान्वयनमा ल्याउन आवश्यक पैरवी तथा पहल गरिनेछ ।

४.२ मानसिक रोग तथा मनोसामाजिक समस्या भएका व्यक्तिको आधारभूत मानव अधिकार संरक्षण र यस विषयमा गरिएको अन्तराष्ट्रिय प्रतिवद्धताको कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

## ११. मानसिक स्वास्थ्यको कार्ययोजना :

| कार्यक्षेत्र | मुख्य कार्यहरु | सञ्चालन गरिने कार्यहरु | जिम्मेवार निकाय | समन्वय |
|---|---|---|---|---|
| **१.१ आधारभूत मानसिक स्वास्थ्य सेवा समुदायस्तरमा उपलब्ध गराइनेछ ।** | | | | |

| | | | | |
|---|---|---|---|---|
| आधारभूत मानसिक स्वास्थ्य सेवा | सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने | • टेलिमेन्टल हेल्थको अवधारणलाई विकास गर्ने | संघ/नगरपालिका | प्रदेश/(सा.वि. तथा स्वा.मं) |
| | | • आवश्यक बजेट व्यवस्था गर्ने | संघ (स्वा.ज.म) | नगरपालिका |
| **१.२ विशेषज्ञ/ विशिष्टिकृत मानसिक स्वास्थ्य सेवा अस्पतालहरुमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।** | | | | |
| विशेषज्ञ/ विशिष्टिकृत मानसिक स्वास्थ्य सेवा | स्वास्थ्य विमा तथा टेलिमेन्टल हेल्थ सेवा | • स्वास्थ्य विमा तथा टेलिमेन्टल हेल्थको माध्यमबाट विशेषज्ञ/विशिष्टिकृत सेवालाई समुदायसम्म उपलब्ध गराउने | संघ (स्वा.ज.म) | नगरपालिका |
| **१.३ लक्षित वर्ग, जोखिममा परेको समुह तथा समुदायमा मानसिक कार्यक्रम सञ्चालन गरिनेछ ।** | | | | |

| | | | | |
|---|---|---|---|---|
| लक्षित वर्ग, जोखिममा परेको समुह तथा समुदायको मानसिक स्वास्थ्य | बालबालिका तथा किशोर किशोरी कार्यक्रम | • घर परिवार, विद्यालय तथा सामाजिक वातावरणलाई बालबालिका र किशोरकिशोरी मैत्री बनाउने<br>• जिम्मेवार अभिभावकत्वका लागि अभिभावकलाई अभिमुखीकरण गर्ने<br>• वौद्धिक अपाङ्गता, सिकाइमा समस्या भएका तथा अटिजम स्पेक्ट्रम डिस्अडर भएका बालबालिकाको शिघ्र पहिचान, सिकाई तथा समुदायमा पुनर्स्थापनाको विशेष व्यवस्था गर्ने | नगरपालिका | प्रदेश (सा.वि.तथा स्वा.म) |
| | ज्येष्ठ नागरिकको मानसिक स्वास्थ्य | • विस्मृतिका समस्या भएका ज्येष्ठ नागरिक स्याहारकर्तालाई आवश्यक तालिम तथा स्वहेरचाह समूहमा आवद्ध गराउने<br>• यस्ता समस्या भएका ज्येष्ठ नागरिकको सामाजिक सुरक्षामा पहुँच वृद्धि गर्ने | नगरपालिका | प्रदेश (सा.वि.तथा स्वा.म) |
| | वैदेशिक रोजगारी तथा अध्ययनका क्रममा विदेशमा | • विदेशबाट फर्कदा र त्यसपछि पनि हुन सक्ने मानसिक तथा मनोसामाजिक समस्याको पहिचान र | संघ (स्वा.ज.म) | प्रदेश (सा.वि.तथा स्वा.म)/ नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| | रहने व्यक्तिको मानसिक स्वास्थ्य | व्यवस्थापनको प्रबन्ध गर्ने | | |
| | मदिरा तथा लागु औषधी प्रयोगको लत भएका व्यक्तिको मानसिक स्वास्थ्य | • मदिरा नियन्त्रण रणनीतिलाई कार्यान्वयन गर्न सम्बन्धित निकाय सँग सहकार्य गर्ने<br>• मदिरा र लागु औषध प्रयोगकर्ता तथा पूर्व प्रयोगकर्ताहरुको स्वावलम्वन समूहमा आवद्ध भई दुर्व्यसन रहित रहन प्रोत्साहन गर्ने<br>• मानसिक स्वास्थ्य र समस्याबाटै सचेतना, लेखाजोखा तथा व्यवस्थालाई प्रबन्ध गर्ने<br>• सुरक्षा संयन्त्रसँग सहकार्य गरी उपचार तथा पुनर्स्थापनाको कार्यक्रम सञ्चालन गर्ने<br>• समुदायमा पुनर्स्थापनाको प्रबन्ध मिलाउने<br>• हाल उपलब्ध पुनर्स्थापना सेवालाई थप व्यवस्थित बनाउने | नगरपालिका | प्रदेश (सा.वि.तथा स्वा.म) |

| | | | | |
|---|---|---|---|---|
| | आत्महत्याको सोच भएका र जोखिममा रहेका व्यक्तिको मानसिक स्वास्थ्य | • आत्महत्या रोकथाम कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने<br>• कृषि क्षेत्रमा प्रयोग हुने विषादीको पहुँचमा नियन्त्रण गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गर्ने<br>• आत्महत्या सम्बन्धी घटनाको अभिलेख (sucide registry) बनाई कार्यान्वयनमा ल्याउने<br>• घटनालाई समाचारको रुपमा दिँदा र सूचना सम्प्रेषण गर्दा अपनाउनु पर्ने सावधानीका बारेमा सञ्चारकर्मीसँग समन्वय र सहकार्य गर्ने<br>• आत्महत्याको medicolegal र मनोसामाजिक आयामलाई महत्व दिई सम्बन्धित सरोकारका क्षेत्रसँग सहकार्य गर्ने | नगरपालिका | संघ (स्वा.ज.म)/ प्रदेश (सा.वि.तथा स्वा.म) |
| | अपाङ्गता भएका व्यक्तिहरुको मानसिक स्वास्थ्य | • अपाङ्गता भएका व्यक्तिहरुको मानसिक र मनोसामाजिक समस्याको रोकथाम, शीघ्र पहिचान र व्यवस्थापना गर्ने | संघ (स्वा.ज.म) | प्रदेश (सा.वि.तथा स्वा.म)/ नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| | कार्यस्थलमा मानसिक स्वास्थ्य | • मानसिक स्वास्थ्य प्रवर्द्धन, रोगको शीघ्र पहिचान, रोकथाम तथा उपचार गर्ने | संघ(स्वा.ज.म)/ प्रदेश ( सा.वि.तथा स्वा.म) | नगरपालिका |
| | जोखिम अवस्था र समुदायमा मानसिक स्वास्थ्य | • यस्ता अवस्था र समूहमा सञ्चालन हुने स्वास्थ्य सेवामा मानसिक स्वास्थ्य सेवालाई समावेश गर्ने | नगरपालिका | संघ (स्वा.ज.म) |
| **२.१ गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा सवैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्नका लागि आवश्यक पर्ने संयन्त्र, साधन, श्रोत तथा जनशक्तिको व्यवस्थापन गरिनेछ ।** | | | | |
| संघीय संरचनामा मानसिक स्वास्थ्य | स्थानीय तहमा मानसिक स्वास्थ्य हेर्ने इकाई तथा व्यक्ति तोकी जिम्मेवारी किटान गर्ने | • स्थानीय तहमा मानसिक स्वास्थ्य शाखा वा इकाई सहितका सम्बन्धित पदहरुको दरबन्दी सिर्जना गरी पदपूर्ती गर्ने | नगरपालिका | संघ (स्वा.ज.मं)/ प्रदेश(सा.वि.तथा स्वा.मं) |
| उपयुक्त प्रेषण प्रणाली विकास | दोहोरो र प्रभावकारी प्रेषण प्रणाली विकास गरी अनुसरण गर्ने | • स्थानीय स्वास्थ्य संस्थादेखि विशिष्टकृत मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था र सेवा प्रदायक बीच दोहोरो प्रेषण प्रणाली विकास गरी कार्यान्वयन गर्ने | संघ(स्वा.ज.म) प्रदेश( सा.वि.तथा स्वा.म) | संघ(स्वा.ज.म) प्रदेश(सा.वि.तथा स्वा.म) नगरपालिका |
| **३.१ मानसिक रोग सम्बन्धी अन्धविस्वास हटाउन, मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्न र रोगको रोकथामका लागि समुदायमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।** | | | | |
| सामुदायिक मानसिक | मानसिक रोग सम्बन्धी | • सामुदायिक मानसिक स्वास्थ्य स्याहार | | |

| | | | | |
|---|---|---|---|---|
| स्वास्थ्य सेवा | अन्धविस्वास हटाउन, मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्न र रोगको रोकथामका लागि समुदायमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने | प्याकेज नेपाल, २०७४ लाई परिमार्जन गरी समुदायमा कार्यक्रम सञ्चालन गर्ने<br>• मानसिक स्वास्थ्यसँग सम्बन्धित महत्वपूर्ण दिवसहरु मनाउने<br>• राजनैतिक, सामाजिक, धार्मिक, शैक्षिक आदि समाजका प्रभावशाली व्यक्तित्वलाई मानसिक स्वास्थ्यका विषयमा अभिमुखीकरण गर्ने | नगरपालिका | संघ(स्वा.ज.म)/ प्रदेश(सा.वि.तथा स्वा.म) |
| **३.२ मानसिक स्वास्थ्य स्वावलम्बन/स्वहेरचाह समूह गठन गरी त्यस्ता समूहको क्षमता अभिवृद्धि गरिनेछ।** | | | | |
| स्वावलम्बन /स्वहेरचाह समूह गठन | मानसिक स्वास्थ्य स्वावलम्बन/ स्वहेरचाह समूह गठन गरी त्यस्ता समूहको क्षमता अभिवृद्धि गर्ने | • एकै प्रकृतिका मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको स्वावलम्बन समूह गठन गर्ने<br>• यस्ता समूहमा स्थानीय स्वास्थ्यकर्मीले नियमित बैठक बस्न र स्वास्थ्य, उपचार र पुनर्स्थापनाको आवश्यकतामा आवश्यक छलफल तथा निर्णयमा सहजीकरण गर्ने | नगरपालिका | संघ(स्वा.ज.म) प्रदेश(सा.वि.तथा स्वा.म) |
| **३.३ मानसिक स्वास्थ्यको प्रवर्द्धन र मानसिक रोग लागेका व्यक्तिको वैज्ञानिक उपचारमा प्रेरणा बढाउन परम्परागत उपचारलाई व्यवस्थित गर्दै उपचार प्रदायकलाई अभिमुखीकरण साथै सहकार्य गरिनेछ।** | | | | |
| परम्परागत उपचारलाई व्यवस्थित गर्दै उपचार | मानसिक स्वास्थ्यको प्रवर्द्धन र मानसिक रोग | • नगरपालिकाले मानसिक स्वास्थ्यका परम्परागत उपचार प्रदायकलाई | | |

| | | | | |
|---|---|---|---|---|
| प्रदायकलाई अभिमुखीरण | लागेको व्यक्तिको वैज्ञानिक उपचारमा प्रेरणा बढाउन परम्परागत उपचारलाई व्यवस्थित गर्दै उपचार प्रदायकलाई अभिमुखीकरण साथै सहकार्य गर्ने | व्यवसाय दर्ताको मापदण्ड भित्र ल्याउने<br>● यस्ता उपचारलाई निरुत्साहित गर्दै हानी रहित बनाउने<br>● उनीहरुको मानसिक स्वास्थ्यको सामाजिक, सांस्कृतिक तथा वैज्ञानिक पक्ष, कानुनी व्यवस्था र प्रषेण सेवाको बारेमा अभिमुखीकरण गर्ने | नगरपालिका | संघ(स्वा.ज.म) प्रदेश(सा.वि.तथा स्वा.म) |
| **३.४ आत्महत्या रोकथाम, गर्भावस्था र सुत्केरी अवस्थाको मानसिक स्वास्थ्य, प्रभावकारी अभिभावकत्व लगायतका विषयहरुमा जनचेतना अभिवृद्धि गरिनेछ ।** | | | | |
| लक्षित समूह र जोखिमपूर्ण अवस्थाका बारेमा जनचेतना | आत्महत्या रोकथाम, गर्भावस्थामा र सुत्केरी अवस्थाको मानसिक स्वास्थ्य तथा प्रभावकारी अभिभावकत्व विषयहरुमा जनचेतना अभिवृद्धि गर्ने | ● आत्महत्या रोकथाम दिवस जनसहभागितामा सबै तहमा मनाउने<br>● यो एउटा रोकथाम गर्न सकिने घटना भन्ने बारेमा व्यापक प्रचार प्रसार गर्ने<br>● आत्महत्याको प्रयास गरेका सुपरिचित सामाजिक व्यक्तिहरुलाई र आत्महत्या प्रयासपछि सम्मानजनक जीवन बाचेका व्यक्तिहरुलाई सामाजिक अगुवाई गर्न प्रेरित गर्ने<br>● मानसिक रोग तथा मनोसामाजिक समस्या साथै आत्महत्याको | नगरपालिका | संघ(स्वा.ज.म) प्रदेश(सा.वि.तथा स्वा.म) |

| | | | | |
|---|---|---|---|---|
| | | जोखिम हुने किशोरवस्था, युवास्था, गर्भावस्था, सुत्केरी अवस्था तथा ज्येष्ठ नागरिकको स्वास्थ्य सेवामा मानसिक स्वास्थ्यलाई पनि स्वीकृत गर्ने<br>● बालबालिका तथा किशोरकिशोरीको मानसिक, वौद्धिक तथा व्यवहारका सन्दर्भमा, प्रभावकारी अभिभावकत्वका लागि समुदायस्तरमा जनचेतनाका कार्यहरु गर्ने | | |
| **३.५ मानसिक स्वास्थ्य र मानसिक रोगका सान्दर्भिक विषयमा केन्द्रित रही पत्रकार, कानुन व्यवसायी तथा सुरक्षाकर्मीलाई अभिमुखीकरण गरिनेछ ।** | | | | |
| पत्रकार, कानुन व्यवसायी तथा सुरक्षाकर्मी लाई अभिमुखीक रण | मानसिक स्वास्थ्य र मानसिक रोगका सान्दर्भिक विषयमा केन्द्रित रही पत्रकार, कानुन व्यवसायी तथा सुरक्षाकर्मीलाई अभिमुखीकरण गर्ने | ● समाचार सम्प्रेषण गर्दा दिनु पर्ने सही जानकारी, गोपनियता, मर्यादा तथा विषयको गम्भीरताका बारेमा पत्रकारलाई अभिमुखीकरण गर्ने<br>● मानसिक रोग तथा मनोसामाजिक समस्या भएका व्यक्तिमा हुने भेदभाव, हिंसा, विभेद तथा फौजदारी कसुर आदिका विषयमा | संघ(स्वा.ज.म) प्रदेश( सा.वि.तथा स्वा.म) | नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| | | कानुन व्यवसायीसँग अन्तरक्रिया गर्ने<br>● मानसिक रोग तथा मनोसामाजिक समस्या भएका व्यक्ति वा सम्बन्धित विषय र व्यवहारले निम्त्याउने सुरक्षा चासोका बारेमा सुरक्षाकर्मीलाई अभिमुखीकरण गर्ने | | |
| **४.१ मानसिक रोगका विषयलाई लिएर प्रचलित ऐन कानूनमा भएका विभेदकारी व्यवस्थालाई हटाउन र अधिकार सुनिश्चित गरिएका व्यवस्थालाई प्रभावकारी कार्यान्वयनमा ल्याउन आवश्यक पैरवी तथा पहल गरिनेछ ।** | | | | |
| मानसिक रोगका विषयमा प्रचलित ऐन कानुनका विद्यमान व्यवस्था | मानसिक रोगका विषयलाई लिएर प्रचलित ऐन कानूनमा भएका विभेदकारी व्यवस्थालाई हटाउन र अधिकार सुनिश्चित गरिएका व्यवस्थालाई प्रभावकारी कार्यान्वयनमा ल्याउन आवश्यक पैरवी तथा पहल गर्ने | ● नेपालको संविधान तथा अन्तराष्ट्रिय महासन्धिका प्रतिवद्धता विपरीत रहेका कानुनी प्रावधानका बारेमा अध्ययन गरी हटाउनका लागि सम्बन्धित पक्षको सहभागीता र पैरवी गर्ने<br>● मानसिक रोग वा मनोसामाजिक समस्या भएका व्यक्तिको हक अधिकारको व्यवस्था गरिएका ऐन कानूनहरुको अध्ययन गरी | संघ(स्वा.ज.म) प्रदेश( सा.वि.तथा स्वा.म) | नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यान्वयनका लागि पहल गर्ने | | |
| **४.२ मानसिक रोग तथा मनोसामाजिक समस्या भएका व्यक्तिको आधारभूत मानव अधिकार संरक्षण र यस विषयमा गरिएको अन्तराष्ट्रिय प्रतिवद्धताको कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ ।** | | | | |
| आधारभूत मानव अधिकार संरक्षणका लागि कानूनी व्यवस्था | मानसिक रोग तथा मनोसामाजिक समस्या भएका व्यक्तिको आधारभूत मानव अधिकार संरक्षण र यस विषयमा गरिएको अन्तराष्ट्रिय प्रतिवद्धताको कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था गर्ने | • अपाङ्गता भएका व्यक्तिको मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिमा भएको प्रतिवद्धताको कार्यान्वयनका लागि र सम्बन्धित पक्षको सहभागिताको सुनिश्चितता विषयमा विधायकसँग परार्मश गर्ने<br>• हालसम्म तयार गरिएका मानसिक स्वास्थ्य सम्बन्धी विधेयक अध्ययन गरी मस्यौदा तयार गर्ने<br>• मस्यौदा विधेयकलाई कानुनी स्वरुप दिन पैरवी गर्ने | संघ(स्वा.ज.म) प्रदेश( सा.वि.तथा स्वा.म) | नगरपालिका |

**१२. मानसिक स्वास्थ्य सेवा प्रवाहमा नगरपालिकाको संरचनागत ढाँचा तथा भूमिका :-**

- आधारभूत मानसिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने ।
- आकस्मिक मानसिक स्वास्थ्य सेवा सजिलै उपलब्ध गराउने ।

- मानसिक स्वास्थ्य प्रवर्द्धन, जनचेतना अभिवृद्धि, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको पहिचान गरी परिचयपत्र प्रदान गर्ने तथा समुदायमा आधारित पुनर्स्थापना सेवा सञ्चालनमा ल्याउने ।
- मानसिक स्वास्थ्य सेवा प्रदायक व्यक्ति तथा संस्थालाई व्यवसाय दर्ताको व्यवस्था मिलाई व्यवस्थित गर्ने ।
- मानसिक स्वास्थ्य सेवा प्रवर्द्धनका लागि एकद्धार नीति अवलम्बन गरी स्थानीयस्तरका सरकारी, निजी, गैरसरकारी, राष्ट्रियस्तरका विशेषज्ञ सेवा प्रदायक संस्था तथा अन्य सरोकारवालासँग साझेदारी गरी न्यूनतम मापदण्ड बनाई कार्यक्रमहरु सञ्चालन गर्ने ।
- कार्यक्रमको प्रभावकारीताका लागि नगरपालिकामा अधिकार सम्पन्न समन्वय समिति गठन गरी त्यसको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ।
- नगरपालिकाबाट नै मानसिक स्वास्थ्यका लागि आवश्यक बजेट, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि तालिम तथा क्लिनिकल सुपरिवेक्षण, जनचेतनामूलक कार्यक्रम, आवश्यक औषधी खरिद, प्रेषण तथा पुनर्स्थापना सेवा सञ्चालनका लागि बजेट व्यवस्था गर्ने ।
- स्वास्थ्य सेवाका अन्य कार्यक्रम सँगसँगै मानसिक स्वास्थ्यलाई समेत समायोजन गरी समुदायमा आधारित मानसिक स्वास्थ्य कार्यक्रममा प्रवर्धनात्मक, रोकथाममूलक उपचारात्मक र पुनर्स्थापना सेवा समेटी योजना तर्जुमा र कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१३. मानसिक स्वास्थ्य प्रवर्द्धन, रोकथाम, उपचार तथा पुनर्स्थापनाका लागि नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुको विवरण :-**

- सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम
- विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम
- आत्महत्या रोकथाम स्वास्थ्य कार्यक्रम
- बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्य कार्यक्रम
- ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम
- अपाङ्गता भएका व्यक्तिहरुको मानसिक स्वास्थ्य कार्यक्रम
- जोखिमा परेका समुदाय वा समूह (जस्तैः कैदीबन्दी, हिंसा पीीडित, प्राकृतिक प्रकोप पीडित, पूर्वलडाकु आदि) का लागि मानसिक स्वास्थ्य कार्यक्रम
- मानसिक स्वास्थ्य स्वहेरचाह र सशक्तिकरण कार्यक्रम
- सामुदायिक पुनर्स्थापना कार्यक्रम

- टेलिमेन्टल हेल्थ सेवा
- लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम

१४. **संस्थागत विकास :** यो नीति कार्यान्वयनको नेतृत्व नगरपालिकाका सम्बन्धित शाखा, गैरसरकारी क्षेत्र तथा निजी क्षेत्रसँगको समन्वयमा गरिनेछ । यस नीतिले परिलक्षित गरेका क्षेत्रगत कार्यक्रम कार्यान्वयन सम्बन्धित शाखाहरुको हुनेछ । आफ्नो कार्य क्षेत्रभित्र परेका विषयहरु कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनेछ ।

यो नीतिको कार्यान्वयन विभिन्न शाखा मार्फत हुने भएकाले अन्तर शाखाको समन्वयमा गर्न सकिनेछ । त्यसै गरी यो नीति कार्यान्वयनको प्रभावकारिता, अनुगमन एवं मुल्याङ्कन गरी सहजीकरण गर्न "मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति अनुगमन तथा मूल्याङ्कन समिति" गठन गरिनेछ । साथै मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था, निजी क्षेत्र, सहकारी, नागरिक समाज र स्थानीय निकायहरुलाई प्रोत्साहन तथा परिचालन गरी उपयुक्त वातावरण सिर्जना गरिनेछ । यस्ता संघ संस्थाको श्रोतलाई मनोसामाजिक तथा मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रममा परिचालन गर्न साझेदारका रुपमा लिइनेछ । यस कार्यको निर्देशन तथा समन्वय नगरपालिकाले गर्नेछ ।

१५. **आर्थिक पक्ष :** यस नीतिको कार्यान्वयन सम्बद्ध शाखाहरुको नियमित बजेट मार्फत गरिनेछ । नगरपालिकाले आफ्ना आवधिक तथा वार्षिक योजनामा यस नीतिलाई प्राथमिकता दिई कार्यान्वयन गर्दै लानेछन् । यसका अतिरिक्त राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था, सहकारी, निजी क्षेत्र र दातृ निकायसँगको समन्वय तथा साझेदारीमा यस नीतिले परिलक्षित गरेका कार्यक्रम सञ्चालनका लागि थप श्रोत जुटाई परिचालन गरिनेछ ।

१६. **अनुगमन र मूल्याङ्कन :** यो नीति कार्यान्वयन गर्दा यसले प्राप्त गर्ने प्रतिफल र उद्देश्यहरु पूर्ण वा आंशिक रुपमा पूरा भए भएनन् भनी प्रभावकारिता एवं प्रभाव अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रका रुपमा एक समिति रहनेछ । अनुगमन तथा मूल्याङ्कनका लागि सम्बन्धित शाखा, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी सहभागीतामूलक अनुगमन प्रणाली अबलम्बन गरिनेछ ।

१७. **नीति तथा कार्ययोजनाको संशोधन :** यस नीति तथा कार्ययोजना नगर कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या, थपघट र हेरफेर गर्न सक्नेछ ।

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रसाशकीय अधिकृत